# ‘सहिदको सालिक’ कथाको विषय

तेजविलास अधिकारी
उपप्राध्यापक
वाल्मिकी, क्याम्पस, काठमाडौं
tejkamere@gmail.com

## लेखसार

प्रस्तुत लेखमा घनश्याम ढकालद्वारा लेखिएको ‘सहिदको सालिक’ (२०६६) कथासङ्ग्रहभित्र सङ्कलित सहिदको सालिक कथाको विषयस्रोतको खोजी गरिएको छ। मार्क्सवादका दृष्टिमा कथाको मूलस्रोत भनेकै मानव श्रम हो। मानव जातिको उत्थान र विकास श्रम प्रक्रियाबाट भएको हुँदा समाजमा रहेका विषयवस्तु नै कुनै न कुनै रूपले लेखकले टिप्ने गर्दछ। श्रमप्रतिको आकर्षण र समर्पणभावबाट नै सिङ्गो मानवजाति अग्रगामी दिशातर्फ अगाडि बढेको छ। मान्छेको कल्पना शक्तिकै परिणाम स्वरूप पौराणिक कथा, किवदन्ती, आख्यान जस्ता मौलिक साहित्यको सिर्जना भएका छन्। यसैगरी कलासाहित्यको सम्बन्धले आर्थिक सामाजिक क्रियाकलापका साथै समाजमा निरन्तर जारी रहने सङ्घर्षको क्रममा हुने गर्दछ। यसै मान्यतामा रहेर घनश्याम ढकालद्वारा लिखित ‘सहिदको सालिक’ कथाको विश्लेषण गरिएको छ। ‘सहिदको सालिक’ कथामा एकातिर जनताको बलमा मन्त्री भएकाहरू जनताको समस्यासँग भागिरहेका छन् भने अर्कोतर्फ समाजमा चेतनाका पुञ्ज बनेका सहिद व्यवस्था परिवर्तन भएपनि व्यवस्थामा परिवर्तन नआएका कारण अपमानित छन्। आस्थाका धरोहर बनेका सहिदप्रति अपमान हुनु भनेको निम्न वर्गको समस्याको समाधान गर्न भनी गएका नेतृत्ववर्ग दायित्वबाट पन्छिनु हो भन्ने अभिव्यक्त विचार यस लेखमा प्रस्तुत छ। यसबाट सत्ताले सर्वसत्ता लाद्ने परिपाटीको अन्त नभएसम्म आस्थाका यात्रीहरू थकाइ मार्न नहुने विषयको गम्भीर बोध भएको छ। यस लेखले विशेषतः समाजभित्रको सोच र सत्ताको सोच बिचको अन्तर देखाउन खोजेको छ। सहिदको सालिक कथा २०६२/०६३ सालको परिवर्तनपश्चात् लेखिएको र गणतन्त्रको प्राप्तिकालमा समेत यस खालको व्यवहार हुनुले हाम्रो चेतना स्तर कस्तो छ ? भन्ने निष्कर्ष लेखले प्रस्तुत गरेको छ।

## शब्दकुञ्जी

मार्क्सवाद, सौन्दर्यबोध, द्वन्द्वात्मक भौतिकवाद, पुनसिर्जन, राज्यव्यवस्था।

## विषय परिचय

घनश्याम ढकाल (जीवनकालः वि.सं.२०१०-२०६८) नेपाली आख्यान क्षेत्रमा परिचित नाम हो । उनी २०३८ सालको हिमाली आवाज साप्ताहिक पत्रिकामा ‘वारुणयन्त्र’ शीर्षकको कथा प्रकाशन गरेर कथा जगत्मा देखिएका (अधिकारी, २०७५, पृ. १५) हुन् । उनका ‘भरिया र यात्री’ (२०४६), ‘शहीद मानचित्रमा नपरेको शहीद’ (२०४८), ‘समर्पणको बाटोमा’ (२०५१), र ‘सहिदको सालिक’ (२०६६) गरी पाँच ओटा कथासङ्ग्रह प्रकाशित छन् । यी कथा सङ्ग्रहका अतिरिक्त ढकालका ‘गाउँभित्र’ (२०४६) र ‘रातो आकाश’ (२०६०) उपन्यास प्रकाशित छन् । आख्यान विधाबाहेक पनि उनले कविता, निबन्ध र सौन्दर्यशास्त्र सम्बन्धी ग्रन्थहरू प्रकाशनमा ल्याएका छन् । घनश्याम ढकाल प्रगतिवादी साहित्यकार हुन् । पञ्चायती व्यवस्था र विभिन्न समयमा जनतामाथि दमन गर्ने उद्देश्यले थालिएका कदमको विपक्षमा आफ्ना कलमलाई तिखार्ने ढकालले आफ्ना रचनामा शोषणको विरोध गरेका छन्। घनश्याम ढकालका रचनाहरूमा वर्गीय पक्षधरता, शोषक फटाहाहरूप्रति तीव्र घृणा, महिला र श्रमिकहरूप्रति सम्मान, शोषित उत्पीडितहरूप्रति माया, सामाजिक-साँस्कृतिक विसङ्गति, रुढि र अन्धविश्वासको चित्रण पाइन्छ (अधिकारी, २०७५, पृ. २१)। घनश्याम ढकाल मार्क्सवादी विचारमा प्रतिबद्ध लेखक हुन्। मार्क्सवादी

सौन्दर्यशास्त्रका चिन्तक समेत रहेका ढकाल साँस्कृतिक सङ्गठनमा समेत सक्रिय रहेका लेखक हुन् (सुवेदी, २०७५, पृ. ४७३)।नेपाली समाज र राजनीतिमा देखिएका विकृति, विसङ्गतिले व्यथित र दिक्दार बनाएर तिनलाई देखाउँदै चिरफार गरे पनि सर्वहारा वर्गको मुक्ति र उज्यालो भविष्यप्रति विश्वस्त र प्रतिबद्ध, मानवीय संवेदनालाई छुन सक्षम, सशक्त र सफल स्रष्टा हुन् (गिरी, २०७५, पृ.६१०)।सिङ्गो समाजको विषयवस्तुलाई कथामा प्रस्तुत गर्दै समस्याको समाधानार्थ वर्गसङ्घर्षका माध्यमबाट आवश्यक प्रतिरोधी चेतना निर्माण गर्दै वर्गीय असमानता, सामाजिक विकृति, राजनीतिक अवरोधप्रति असहमति र नयाँ संस्कृतिको निर्णय गर्न साहित्यिक अभिव्यक्ति नै उनका कथाहरूको प्रमुख प्रवृत्ति रहेका छन् ।

घनश्याम ढकालद्वारा लेखिएको ‘सहिदको सालिक’ कथाले नेपालको राज्य व्यवस्था बदल्न हजारौँ सहिदले बलिदानी दिए पनि राज्य व्यवस्थाको परिवर्तनपश्चात् पनि अपेक्षित सुधार हुन नसकेको विषय उठान भएको छ । शान्ति सम्झौतापछि सत्तामा देखिएको राजनीतिक शक्ति समेत पछिल्लो समयमा नैतिक पतनको बाटोमा पुग्दा जनताले अपेक्षा गरे अनुरुपको यात्रा तय हुन नसकेकोप्रति उनको गम्भीर दृष्टि पुगेको देखिन्छ । कथाकारले सहिदको बलिदानी भएको स्थानमा सालिक निर्माण गर्न राज्यको महत्वपूर्ण पदमा पुगेको मन्त्रीले गरेको उपेक्षा र जनताले स्वयम् सङ्गठित भई अभियान चलाएको विषय प्रस्तुतिले यहाँ मात्रसवादी सौन्दर्यमूल्यका आधारमा वर्ग र समूहको स्वार्थ अनुरूप विश्वलाई हेर्ने दृष्टिकोणमा केन्द्रित भई यस कथाको अध्ययन गर्ने क्रममा विषय स्रोतको आधारको खोजी गरिएको छ ।

## अध्ययनको विधि

यस अध्ययनका लागि पुस्तकालयीय स्रोतबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । घनश्याम ढकालद्वारा लिखित ’सहिदको सालिक÷ कथालाई आधार सामग्रीका रुपमा लिएर प्राप्त सामग्रीलाई कार्ल मार्क्सद्वारा प्रतिपादित सैद्धान्तिक मान्यतालाई आधार बनाई कथाको विषयस्रोत पहिल्याउने कार्य भएको छ ।’सहिदको सालिक÷ कथाको विविध कोणबाट अध्ययन र विश्लेषण गर्ने क्रममा विषयस्रोत पत्ता लगाउन समालोचकहरूको व्याख्या विश्लेषणको सहायता लिएको छ । विषयस्रोत खोज्ने क्रममा नेपाली मात्रसवादी समालोचकहरूको समालोचनात्मक लेखहरूको थप सहयोग लिएको छ । यो लेख विश्लेषणात्मक प्रकृतिको रहेको छ ।

## विषय सम्बन्धी मान्यता

मार्क्स र एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादी दर्शन अनुसार भौतिकवादी विश्व दृष्टिकोण प्रस्तुत गरेका छन् । आजसम्मको मानव विकासको इतिहास, सामाजिक संरचना, समाजको स्वरूप, सामाजिक अन्तरसङ्घर्ष, क्रान्ति र परिवर्तन लगायतका विषयको व्याख्या यसै आधारमा गरेका छन्। मार्क्स एङ्गेल्सका धारणा अनुसार विचार वा चेतनाको भौतिकवादी व्याख्या गर्नुपर्छ (मार्क्स एङ्गेल्स, १९८९, पृ. ३०)।यसै अनुरूप मार्क्स एङ्गेल्सले मानव विकासको प्रक्रिया र सामाजिक संरचनालाई ऐतिहासिक सन्दर्भमा व्याख्या विश्लेषण गरेका छन् । मानव समाज दुई वर्गमा विभाजित छ जसमध्ये एउटा श्रम गर्ने वर्ग, अर्को श्रम गराउने वर्ग पर्दछन् । गरी खाने वर्गलाई गराएर खाने वर्गले जहिले पनि शोषण र उत्पीडनमा पारिरहेको हुन्छ।सोही कारण उनीहरू बिच जहिले पनि वर्गसङ्घर्षको स्थिति रहेको हुन्छ।

> मार्क्स-एङ्गेल्स लेख्छन्-’ अहिलेसम्म अस्तित्वमा रहेका सबै समाजको इतिहास वर्ग सङ्घर्षको इतिहास हो।घरानियाँ र साधारण प्रजा, सामन्त र भूदास, निपूर्ण कालिगड र सिकारु कालिगढ अर्थात् उत्पीडक र उत्पीडित निरन्तर नै एकअर्काका विरोधी रहेका थिए। उनीहरू कहिले लुकिछिपी र कहिले खुल्ला रूपमा परस्पर सङ्घर्ष गर्दै रहन्थे।यस्तो लडाइँ हरेकपल्ट कि त पूरै समाजको क्रान्तिकारी पुनर्गठनद्वारा कि त सङ्घर्ष गरिरहेका वर्गहरूको पूरै विनाशद्वारा नै समाप्त हुन्थ्यो (मात्रस एङ्गेल्स, १९८९, पृ. ३०)।

यही वर्गसङ्घर्षको परिणाम स्वरूप समाजको विकासक्रम रूपान्तरणको दिशातर्फ अघि बढिरहेको छ ।यही ऐतिहासिक भौतिकवादी मान्यता हो र यसले वर्ग सङ्घर्षलाई समाजको गतिका रूपमा हेर्दछ।

कथा मानवद्वारा मानवका लागि गरिने मानवीय सिर्जना हो।कथा मूलतः मान्छेकै कथा हो र मान्छे मान्छे मिलेर बनेको मानव समाजकै कथा हो।त्यसैले कथाको विषयस्रोत भन्नु पनि मानव समाज हो (पौडेल, २०६५, पृ.२९)।यसरी मानव समाजसँग सम्बन्धित विषय कथामा उनिने र बुनिने भएकाले कथालाई मानव क्रियाकलापको मुख्य क्षेत्र मान्न सकिन्छ।मानव समाजसित असम्बन्धित वा अलौकिक वस्तु कथाको विषयस्रोत बन्न सक्दैन।मानव समाजमा सम्पन्न हुने विभिन्न क्रियाकलापमध्ये विशेषत श्रमसँग जोडिएका क्रियाकलापहरू नै कथाका विषयस्रोत हुन्।मान्छेका वैविध्यपूर्ण क्रियाकलाप र जीवन भोगाइलाई आफ्ना सिर्जनात्मक अनुभूतिमा ढालेर एउटा कथास्रष्टाले कथाको रचना गर्दछ।मार्क्सवादी चिन्तकहरू लेनिन, जर्ज लुकास, क्रिस्टोफर कड्वेल, राल्फ फक्स लगायत सबै जसोले मानवीय श्रमसँग सम्बन्धित प्रक्रियालाई नै कलासाहित्यको विषयस्रोत मानेका छन् । मार्क्सवादीहरूका विचारमा साहित्यले मानवसमाजको ऐतिहासिक विकासक्रमका साथै तत्कालीन जीवन परिवेशमा विद्यमान उत्पादन सम्बन्ध र उत्पादन इतिहासलाई विषयस्रोत बनाउने गरेको छ (पौडेल, २०६५, पृ. ३०)।

समाज वर्गीय स्वरूपको छ।वर्गीय समाजका विद्यमान विषम आर्थिक सामाजिक संरचनाका विरुद्ध पनि सोही रूपमा चलिरहेको हुन्छ।मानवजातिले आफ्नो अधिकार प्राप्तिका लागि चलाएको वर्गसङ्घर्ष निरन्तर कुनै न कुनै तरिकाले चलेको हुन्छ।निरन्तर रूपान्तरणको प्रक्रियामा कथा सृष्टिको आरम्भदेखि हालसम्म मानिसलाई चेतनशील बनाउने काममा कथाको भूमिका रहँदै आएको छ। समाज परिवर्तनको बाटोमा कथा लेख्ने कथाकारले त्यस्तै एउटा अवस्थालाई परिवर्तन गर्ने गरी भिन्न-भिन्न पेसा, वर्ग, परिवार, परिचित समुदाय आदिले एकअर्का थरीलाई कुनै न कुनै ढङ्गले सकारात्मक दबाब दिन्छन्।यसै सन्दर्भमा प्रगतिवादी स्रष्टाले समाजलाई विद्यमान वर्गीय संरचनालाई छिचोल्न विपन्न वर्गका व्यक्तिहरूको जीवन भोगाइलाई नै विषयस्रोत बनाउन पुग्छ।उसले कथामा प्रतिनिधि पात्रमार्फत कथाको विषयस्रोतका रूपमा मानवश्रम, मानवीय क्रियाकलाप तथा आर्थिक सामाजिक सम्बन्ध त छँदै छ त्यसका अतिरिक्त कथामा कथाकारको सुस्पष्ट विश्वदृष्टिकोण हुनु पर्दछ।

माओका दृष्टिअनुसार 'विचारधारात्मक रूपमा साहित्य र कलाका कृतिहरू कुनै खास सामाजिक जीवनले मानव मस्तिष्कमा पार्ने छापका उपज हुन्।क्रान्तिकारी साहित्य र कला क्रान्तिकारी लेखक कलाकारहरूका मस्तिष्कमा जनजीवनले पारेका छापका उपज हुन्।जनजीवन सधैं नै साहित्य र कलाको कच्चा पदार्थको खानी हुन्छ।त्यस्ता कच्चा पदार्थ जुन आफ्नो स्वाभाविक रूपमा रहेका हुन्छन् (माओत्सेतुङ, २०४१, पृ. ८०)।' कलासाहित्यमा विद्यमान गुण समाजमा नै रहेका हुन्छन्।एउटा कुशल स्रष्टाले पनि सामाजिक संरचना र समाजसँगको अविछिन्न सम्बन्धबाट त्यस्ता विशिष्ट गुण प्राप्त गर्ने हुनाले कथाको स्रोत भन्नु वर्गसङ्घर्ष र रूपान्तरणको प्रक्रिया नै हो। साहित्यिक विधा अन्तर्गत कथाको विषयस्रोतको खोजी गर्ने क्रममा माथि उल्लिखित विचारको आधारमा घनश्याम ढकालद्वारा लिखित 'सहिदको सालिक' कथाको विश्लेषण गरिएको छ ।

## कथाको विषय उठान

'सहिदको सालिक' कथा नेपालको राजनीतिक व्यवस्थामा २०६२/२०६३ सालपछि आएको परिवर्तनसँग सम्बन्धित छ । नेपालमा लामो समयसम्म एउटै व्यवस्था नरहेको हुनाले समय सन्दर्भ अनुरूप व्यवस्था परिवर्तन भइरहेको नेपालभित्र भएको एउटा महान् जनआन्दोलन २०६२/२०६३ पछिको प्राप्त राज्य व्यवस्थाले गति लिन नसकेको विषय उठान गरिएको छ।२०६४/२०६५ सालको आसपासमा लेखिएको यो कथामा जुन पक्षको विजय

भयो भनिएको छ त्यसको कार्यशैली पनि फरक हुन नसकेकोप्रति गम्भीर ध्यानाकर्षण भएको छ। 'सहिदको सालिक' कथाले जनतान्त्रिक सरकारको प्रतिनिधिबाट पटकपटक परिवर्तनका निम्ति बलिदानी दिने सहिदको सालिक बनाउन गरेको असहयोगले जनतामा विकर्षण छिट्टै आउने आँकलन गरेका छन्।यो कथामा मणिराज एउटा क्रान्तिप्रति प्रतिबद्ध राजनीतिक कार्यकर्ताका रूपमा चिनिएको व्यक्ति हो।ऊ वैचारिक पृष्ठभूमि भएको किसान नेता हो।सङ्कटकालमा जेल परेर शान्ति सम्झौतापछि रिहा भई पुनः सामाजिक काममा खटिरहेको छ।मणिराजका युद्धकालीन अनुशासन सैद्धान्तिक निष्ठा पर्याप्त छ।युद्धकालमा उसको एकमात्र छोरोसहित त्यस गाउँबाट पाँच जना सहिद भएकाले सहिदहरूको सम्झनामा केही गर्ने सामूहिक छलफलपछि स्मृति पार्क बनाउने निर्णय हुन्छ।सोही कामका निम्ति यिनै सहिदको रगतमा टेकेर मन्त्री भएकाहरूसँग सहयोगको अपेक्षा गर्दछ।काठमाडौं छिरेपछि बलिदानीको गौरव लिएर गएको मन्त्रीले पनि पूर्वपञ्चकै स्वभाव देखाएकाले आशा नगरी फर्किएको सन्दर्भ क्रमशः आएको छ।एकातिर जनयुद्धमा सहिद भएकाको कामका निम्ति कुनै व्यवस्था नगर्ने मन्त्री गुण्डाहरूको दोहोरो झगडामा मारिएको एउटा पात्रलाई सहिद घोषणा गर्दै दश लाख राज्यकोषबाट दिन तयार भएबाट हाम्रो परिवर्तन र गणतान्त्रिक चेत कस्तो छ भन्ने देखाउन सफल भएका छन्।

माथिल्लो तहमा पुगेका जो कोही व्यक्ति जनविरोधी बन्दै जाँदा सिङ्गो क्रान्ति र जनताको सपनामा २००७ सालको परिवर्तनदेखि नै तुषारापात भएको निष्कर्ष निकाल्दै बरु आफ्नै पहलमा स्थानीय स्तरमा सहयोग जुटाई निरन्तर परिवर्तन र क्रान्तिको पक्षमा लागिरहेको उदाहरण यहाँ प्रस्तुत गरिएको छ । एकातिर राजनीतिको नाममा जनताले पटकपटक बलिदानी दिइरहनु पर्ने अर्कोतिर जनताका आधारभूत माग समेत सम्बोधन नहुँदा यो राज्य व्यवस्थाले परिवर्तनलाई गहिरो ढङ्गले आत्मसात गर्न नसकेको विचार कथामा अभिव्यक्त भएको छ । कथाको विषय सन्दर्भले बाह्य परिवर्तन मात्र भएर जनतालाई खास जीवन सुधार नहुने आन्तरिक परिवर्तनका निम्ति अझै जनता जाग्नु पर्ने भाव प्रकट गरेको छ । नेता भनिएकाहरू जनताको नाममा राजनीति गरेर सिंहदरबार पसेपनि उनीहरूले जनताको कामभन्दा जनविरोधी काम गरेको व्याख्या मणिराज पात्रका माध्यमबाट आएको छ । जनताको राजनीति गर्नेले जनताकै सहारामा सहिद पार्क निर्माण गरेको र जनविरोधी नेतालाई जनताको नाममा राजनीति गर्न नसक्ने बनाउन सक्नु पर्ने अभिव्यक्ति कथामा रहेको छ । कथामा लेखकको धारणा पात्र मणिराजमार्फत विद्रोहको झण्डा उठाई तल्लो वर्ग र जनसाधारणको पक्षमा निरन्तर लाग्नु पर्दछ भन्ने विचार व्यक्त भएको छ ।

## सहिदको सालिक कथाको विषय

'सहिदको सालिक' कथा २०६/२०६३ सालको परिवर्तनपश्चात् बनेको लोकतान्त्रिक सरकारको कार्यशैलीसँग सम्बन्धित छ।युद्धकालीन यात्रामा आफूलाई अब्बल सावित गरेका नेतामा नेपाल सरकारको मन्त्री भएपछि देखिएको वैचारिक र कार्यसम्पादनको यथार्थ उद्घाटन भएको छ। यस कथामा रहेको मन्त्री एउटा प्रवृत्तिको प्रतिनिधित्व गर्ने पात्र हो भने मणिराज अर्को प्रवृत्तिको प्रतिनिधि पात्र हो।परिवर्तनका पक्षधर जनताको आशा र अपेक्षा एक खालको छ भने नेतृत्वमा पुगेर जनताको पक्षमा काम गर्नुको सट्टा राजकीय ठाँटमा रमाएका मन्त्री र उसको स्वकीय सचिवले जनतालाई गुमराहमा राखेर गलत सन्देश दिएको प्रमाणित भएको यथार्थ यहाँ देख्न सकिन्छ । यहाँ जनयुद्धको स्मृतिलाई घटनाक्रममा जो दिएको छ।

मणिराजलाई बेपत्ता पारिएकै अवस्थामा उसको छोरो मारियो । जेलमा पुगेपछि मात्र उसले त्यसको पत्तो पाएको थियो । पुत्रवियोगको समाचार सुन्ने बित्तिकै उसको छाती विदीर्ण भयो । टाउको चक्करायो र जेल नै फनफनी घुम्यो । संसार अँध्यारो भयो र ऊ विचेत भयो । बन्दीका सहयोगले होसमा आउँदा आँखाबाट भलभली आँसु बग्न थाले (पृ. ५२) ।

उल्लिखित सन्दर्भबाट कथाको विषयको प्रभाव बुझ्न सकिन्छ। देशमा चलेको न्यायपूर्ण आन्दोलनको क्रममा पक्राउ परेर बेपत्ता पारेकै अवस्थामा आफ्नो छोरोको हत्या भएको खबरले परिवर्तनका निम्ति लड्ने योद्धाको जीवनमा कत्रो चोट पऱ्यो होला ? तथापि अनेक पीडाका बिचमा पनि असल योद्धा आफ्नो यात्रामा अविचल अगाडि बढी नै रहन्छ। आफूलाई कहाँ कसरी राखेको समेत थाहा नपाउने जटिल मनोक्रियाबाट पात्रको निर्माण भएको हुन्छ भन्ने पुष्टि गर्न सकिन्छ। कथाकारले चरित्र निर्माण गर्ने क्रममा विषयस्रोतको जराबाटै विषयबोध गराउने काम गरेको पुष्टि हुन्छ। कथांशले हाम्रो राज्यसत्ता जनताको कुरा सुन्न भन्दा सुरक्षित हुने चिन्ताले ग्रसित रहेको छ;

भोलिपल्ट निर्धारित समयमा मणिराज सिंहदरबारको दक्षिणीगेटमा उपस्थित भयो। उसले ढोकेलाई भित्र पठाउने अनुरोध गऱ्यो। पिएलाई फोन गरेर ढोकेले नै सोध्यो। उतैबाट फोन गर्नु हुन्छ रे भन्ने खबर ढोकेले मणिराजलाई दियो। कतिबेला भित्रबाट खबर आउँछ भन्दै उभिएरै उसले तीन घण्टा बितायो। पाँच बज्यो र कर्मचारीहरू बाहिरिन थाले (पृ. ५५)।

माथिको सन्दर्भबाट कथा निर्माणका लागि एउटा पात्रले राज्यसत्तासम्म पुग्नका लागि सूचना प्रवाह गर्दा पनि कति धेरै अवरोधहरू छिचोल्न पर्छ भन्ने प्रष्ट छ। देशको प्रमुख प्रशासनिक निकाय सिंहदरबार पस्न त यति सास्ती छ भने त्यहाँभित्रको भेटघाट कति औपचारिक होला ? त्यो औपचारिकता केका लागि भन्ने यावत् प्रश्न यहाँ उठेको छ। व्यक्तिगत काम नभइ सामूहिक काम लिन जाँदा मन्त्रालयबाट जनतालाई गरिने व्यवहार, मन्त्रीको पूर्व आश्वासन अनि यथार्थमा देखिने नतिजालाई कथाले विषयको रूपमा ग्रहण गरेको छ। राज्य कति जनप्रिय छ भन्ने सामान्य उदाहरणबाट पनि बुझ्न सकिन्छ। जतिसुकै असल चरित्र र सङ्घर्षबाट खारिएर आएको मान्छे पनि औपचारिक ठाउँमा आएपछि त्यसैको स्वरूप अनुरूप बदलिन पुग्दो रहेछ भन्ने गहन प्रमाण यस कथाको विषयले पुष्टि गरेको छ। कथामा लोकतन्त्र प्राप्तिपछि व्यक्ति स्वार्थको यात्रामा नेतृत्व कतिसम्म तल ओर्लिएर निर्णय प्रक्रियामा पुग्यो भन्ने विषयलाई उठान गरेको छ;

त्यही साँझ उसले टेलिभिजन हेऱ्यो। त्यहाँ उसले भेटेका मन्त्रीले मारिएको व्यक्तिलाई सहिद घोषणा गर्दै थिए र सहिद परिवारलाई दश लाख रुपियाँ सहयोग गर्ने कुरा भन्दै थिए। साथै उनले सहिदको सपना साकार पार्ने अनि सहिदको सालिक स्थापना गर्न सरकारी सहयोग हुने प्रतिबद्धता पनि जाहेर गरिरहेका थिए। उक्त व्यक्ति कुनै गुण्डाको आक्रमणबाट मारिएको थियो (पृ. ५७)।

माथिको उदाहरणबाट प्रष्ट हुन्छ कि, जनताले यही खालको राज्यको स्वभाव र संरचनाबाट प्राप्त गर्ने कुरा के होला ? कथा रचनामा मानव जीवनको घात प्रतिघातको कलात्मक प्रतिबिम्बन हुन्छ । यसको रूप र अन्तर्वस्तु पनि मानव जीवनको सापेक्षतामा नै अडेको हुन्छ। राज्यभित्र हुने राजनीतिक आर्थिक परिवर्तनका घटनासँगै मान्छेको रुचि, सौन्दर्य र मानव मूल्यलाई नियाल्ने कसी समेत परिवर्तन हुन्छ। कथामा अन्तर्वस्तु र रूपका बिचको सम्बन्ध तथा यसको संयोजन पक्षले कथालाई कसरी प्रभावकारी बनाउँछ भन्ने स्पष्ट छ। माथिको कथांशमा कथाकारले राज्यमा जिम्मेवारी लिएर गएका प्रतिनिधिले कुन प्रयोजनका लागि राज्यसत्तालाई प्रयोग गरेको छ त्यसले कसलाई फाइदा पुगेको छ भन्ने प्रश्नको समाधान कथाको शृङ्खलाबद्ध विषय पक्षले प्रस्तुत गरेको देखिन्छ। देशको शासकीय स्वरूप कालोलाई सेतो र सेतोलाई कालो बनाउन मेहनत मात्र गर्दछ। सिंहदरबार र सिंहदरबार जस्ता यावत ठाउँहरूले व्यक्तिको स्वाभिमानमा कसरी प्रभाव पारेको छ भन्ने विषय कथाभित्र स्पष्ट ढङ्गले प्रकटित भएको छ ।

## 'सहिदको सालिक' कथामा विषय र समाजको प्रतिनिधि पात्र

घनश्याम ढकालद्वारा लिखित 'सहिदको सालिक' कथामा नेपाली समाजको विषय सन्दर्भ उठाइएको छ। कथाकारले कथाको अन्तर्वस्तुलाई पुष्टि दिनका लागि युद्धकालीन सन्दर्भलाई जोड्दै योगदान दिएका पुराना कार्यकर्ताका रूपमा मणिराजलाई उतारेका छन्। युद्धकालीन परिवेशमा जसरी एउटा निष्ठावान् पात्रको आवश्यकता

हुन्छ युद्धपश्चात् पनि यस्ता कार्यकर्ता नेताको उचित सल्लाह सुन्ने र तिनलाई स्रोत व्यक्तिका रूपमा प्रयोग गर्न कथाको  परिवेश र पात्रविधानले सहयोग पुर्‍याएको छ । कथाकारले अन्तरविरोध आफ्नै पक्षमा हुन्छ भन्ने विषय सन्दर्भलाई सुन्दर ढङ्गले सपाट प्रस्तुत गरिदिएका छन् । शान्ति सम्झौतापछि मन्त्री बनेका पूर्व योद्धाको पछिल्लो व्यवहारले जनताको अपेक्षामा तुषारापात भएको तर्फ पनि सङ्केत गरेको छ । सहिदको सपना साकार पार्न अनि सहिदको सालिक स्थापना गर्न सरकार सहयोगी हुनु पर्ने र प्रतिबद्धता अनुरूप काम गरेको भए यति धेरै आस्था आदर्श अनि नैतिक मूल्यमा ओरालो यात्रा हुने थिएन भन्ने निष्कर्ष समेत यहाँ उद्घाटित भएको छ । कथामा 'युद्धकालीन धरोहरबाट मन्त्री बनेको नेता काठमाडौं र शान्ति सम्झौताको माखेसाङ्लामा जेलिएर परिवर्तित समयको उत्तम दृष्टान्त दिन सक्दैन (शर्मा, २०६९, पृ. ३६६)।' यो अवस्था आउनुमा नेतृत्वको क्षमता नै मुख्य दोषपूर्ण पक्ष हो।

मानव समाज निरन्तर गतिशील हुनाले कलासाहित्यमा पनि वर्ग विभक्त सन्दर्भको वर्गसङ्घर्ष तीव्र बन्दै जान्छ।यसै क्रममा वर्ग उत्थान हुँदै जाँदा एउटै संस्था र सङ्गठनमा रहेर परिवर्तनका निम्ति लडेका पात्रहरूका बिच पनि अन्तरसङ्घर्ष चर्कंदै जान्छ।यसै गरी 'सहिदको सालिक' कथामा रहेको मन्त्री र मणिराजले प्रतिनिधित्व गरेको वर्गीय सोच र धरातलको अध्ययनबाट पनि समाजभित्र हुने सङ्घर्षले सुन्दर यात्राको निम्तो दिन्छ।जनयुद्धको सघन प्रक्रिया र त्यसको आर्थिक उपलब्धिमा पनि उदात्त र नीच सम्बन्धी धारणामा परिवर्तन आएको छ।त्यही परिवर्तनको आधारमा सत्तामा पुगेका प्रतिनिधि पात्रले व्यवस्थालाई बनाउने होइन जनतालाई निराश बनाउने काम कसरी गरेको छ त्यसको जड बुझ्न जरुरी हुन्छ ।

कथाको रचना प्रक्रियाका सन्दर्भमा विषयवस्तु, पात्र र परिवेशको चयन पनि महत्वपूर्ण मानिन्छ । यी तत्वको प्रतिनिधिमूलक चयनमा ध्यान पुगेन भने कथाकारलाई अपेक्षित सफलता प्राप्त हुँदैन (पौडेल, २०६५, पृ. ५०)।यस कोणबाट हेर्दा 'सहिदको सालिक' कथामा आएको विषय सन्दर्भले एउटा विषय सन्दर्भबाट स्थापित अनेक पात्र परिवर्तित परिवेशले एकापसमा द्वन्द्वात्मक अवस्थामा पुग्दछन् । यो अवस्थाले नवीन परिवेशको सिर्जना गरिदिएको छ । कथाको प्रमुख नायक पात्र मणिराज सामान्य चरित्रको देखिए पनि उसले विषयवस्तुलाई सकारात्मक ढङ्गले अगाडि बढाउने चेष्टा निरन्तर गरिरहेको छ । कथामा राज्यको प्रतिनिधिको रूपमा विभागीय जिम्मेवारी सम्हालेको मन्त्री मूलतः जनताको कामका लागि सिंहदरबार छिरेको भएपनि जनताको कामको विपरीत देखापरेको छ।मन्त्री आफ्नो सत्ता र शक्तिलाई परम्परागत ढङ्गबाट नै निर्वाह गर्न विवश छ । मन्त्री त्यस्तो चाहन्थ्यो वा चाहन्नथ्यो सुरुमा यसै भन्न सकिने अवस्था छैन।ऊ स्वार्थले भरिएर अनेक पात्रको चङ्गुलमा फस्छ विवश बन्न पुग्छ।नचाहँदा नचाहँदै पनि एउटा राजकीय जिम्मा 'आर्थिक र नैतिक तत्व जोडिएको विषयमा मुछिन पुग्छ।कथामा पात्रको भूमिका महत्वपूर्ण मानिन्छ । कथाकारले यही विचारलाई यहाँ राम्ररी स्थापित गरेका छन्।कथाको मुख्य पात्र मणिराजको मनोलोकमा खेलेको कुरालाई यहाँ प्रमाणको रूपमा प्रस्तुत गर्न सकिन्छ;

'रगतका नदीहरू पार गरेर यहाँ आइपुगेका हुनाले अवश्य पनि त्यही अनुरूपको गम्भीरता होला÷ भित्र पस्दापस्दै मणिराजले मन्त्रीका बारेमा अनुमान लगाएको थियो । तर मन्त्रीलाई देख्ने बित्तिकै उसलाई कुनै त्यस्तो अनुभूति भएन (५:५६)।'

यो सन्दर्भबाट पनि जनताका नाममा राजनीति गर्नेहरूप्रतिको विश्वासमा उसले कति छिट्टै पहिरो ल्याइदिँदो रहेछ भन्ने बुझ्न सकिन्छ।राज्यको संरचनामा पुग्नेबित्तिकै जनतालाई भुल्ने  हो भने जनप्रतिनिधि किन चाहियो? कथाको माथिको सन्दर्भले घतलाग्दो  पाराले प्रमाण पेश गरेको छ।नीति निर्माण र कार्यान्वयनको प्रमुख ठाउँ मन्त्रालयमा बसेका विभागीय मन्त्रीले आफ्ना आसेपासेको सरसल्लाहमा नयाँ मार्ग तय गर्ने अनि जनताका सपना

तुहिँदै जाने स्थितिको चित्रण भएको छ। **'उक्त व्यक्ति कुनै गुण्डाको आक्रमणबाट मारिएको थियो (५:५७)।'** २०६२/०६३ सालको परिवर्तनपश्चात् गणतन्त्र ल्याउन बलिदानी दिने सहिद र सहिदको परिवारप्रतिको रुखो व्यवहार गर्ने विभागीय मन्त्री गुण्डाको आक्रमणमा मरेको मान्छेलाई भीडको निर्देशनमा सहिद घोषणा गर्न पुगेको विषय कथामा उद्घाटित भएको छ।

कथामा चयन गरिएको विषय हेर्दा देश र जनताको भविष्यप्रति प्रत्यक्ष जोडिएको सन्दर्भले कथाको विषयवस्तु, पात्रको निर्माण र परिवेशको झलकमा विशेष ख्याल गरेको देख्न सकिन्छ। **'चौथो बिहान भने निजी सचिवले मणिराजको फोन उठाउन छोड्यो (३: ५७)।'** आखिर यही र यस्तै परिवेशको पुनरावृत्ति भएको परिदृश्य आज पनि देख्न नपरेको होइन। जनता र जनताको प्रतिनिधिको आशालाग्दो सम्बन्ध सिंहदरबार र सिंहदरबार रूपी सत्ताको चरित्रले दिनप्रतिदिन तुषारापात भइरहेको स्थिति वर्णन यहाँ छ । कथाको विषय वर्गीय पृष्ठभूमि नै भएपनि शक्तिको दुरुपयोग गर्दै जनताप्रतिको उपेक्षाभाव देखाउने सरकारी रवैयाको कटाक्ष समाजमा चलेको विषय सन्दर्भबाट नै गरिएको छ । यहाँ कथाभित्र सत्पात्रले धेरै दुःख पाउने विचार प्रमुख पात्रका माध्यमबाट प्रकट भएको छ । जनताले सिंहदरबार वा सिंहदरबारजस्तै शक्तिकेन्द्रको भर विश्वासमा नपरी जनता नै शक्तिका स्रोत प्रेरणाका प्रतिमूर्ति अनि सहयोगका सारथी हुन् भन्ने बुझ्न जरुरी रहेको आशय रहेको छ। विषय, पात्र र परिवेशले कथामा विषयवस्तुको भाव सम्प्रेषणलाई सहजीकरण गरेको छ। कथामा प्रमुख पात्र मणिराजको मनोदशालाई सत् प्रवृत्ति र मन्त्रीको मनोदशालाई असत् प्रवृत्तिको रूपमा दर्शाइएको छ। वर्गीय समाजमा स्वाभाविक रूपमा वर्गस्वार्थ टकराउँछन्। त्यही टकराव समस्या समाधानको कारण पनि बन्न सक्दछ भन्ने सन्देश कथाले प्रस्तुत गरेको छ।

## निष्कर्ष

'सहिदको सालिक' घनश्याम ढकालले जनयुद्धकालीन भावभूमिमा वर्गीय समाजलाई विषयको रूपमा ग्रहण गरी लेखेको कथा हो। यस कथामा नेपाली राजनीतिमा उथलपुथल आएपनि त्यसले आवरणमा परिवर्तन त केही भयो सारमा परिवर्तन हुन सकेको छैन भन्ने प्रमाण पेश गरेको छ। परिवर्तनका निम्ति जनतालाई उत्साहित गर्ने, उतार्ने, जीवन उत्सर्ग गराउने अनि जनताको चह¥याइरहेको घाउमा मलम नलगाउने नेताको प्रवृत्तिमाथि कडा प्रहार गरिएको छ। व्यवस्था बदल्ने विषय एकछिनमा हुँदैन। हजारौं सहिदको रगतले सिंहदरबारप्रति प्रश्न उठाइरहेको छ। कथाभित्रका मणिराज र गाउँका तमाम न्यायप्रेमी पात्र एकातिर उभिन पुगेका छन्। सत्ता जनमैत्री रहेको छैन। सत्तालाई जबसम्म जनताको सेवामा समर्पित गर्न सकिँदैन तबसम्म जनताको स्थिति उस्तै हुने निष्कर्ष कथाको रहेको छ। नेपाली समाजमा घटित सामाजिक घटना र चेतनाका बिच निकै ठूलो अन्तर छ । सत्ताको स्वभावले सामाजिक न्याय र समानताको पक्षपोषण नगरी दलाली गर्ने वर्गको चाहनालाई पूरा गरेको तर्फ कथाको भावपक्ष सोझिएको छ । कथाको रचनाविधानमा विषयले कथालाई वर्गीय मुक्तिको निम्ति लड्ने निम्न वर्गका जनता विचलित नभई लडी नै रहन्छन्, थाक्दैनन् भन्ने उद्घोष गरेकोले विषयका दृष्टिले प्रस्तुत कथा शक्तिशाली रहेको छ।

## सन्दर्भ-सामग्री सूची


अधिकारी, कृष्णराज.(२०७५). 'घनश्याम ढकालको जीवनका उकाली र ओराली', घनश्याम ढकाल स्मृति ग्रन्थ, पृ. १५-२८

गिरी, अमर, (२०७५). 'मार्क्सवादी सौन्दर्य चिन्तनका क्षेत्रमा ढकालको योगदान', घनश्याम ढकाल स्मृति ग्रन्थ, पृ. २४६-२५३ ।

ढकाल, घनश्याम, (२०६६). सहिदको सालिक. काठमाडौं: विवेश सिर्जनशील प्रकाशन प्रा.लि. ।

पौडेल, गोपीन्द्र, (२०६५). कथाको सौन्दर्यशास्त्र, उर्मिला पौडेल ।

माओत्से तुङ, (२०४१). चुनिएका रचनाहरू भाग ३, अनु. खगेन्द्र सङ्ग्रौला काठमाडौं: निरन्जन गोविन्द वैद्य ।

मार्क्स-एङ्गेल्स, (सन् १९८९). साहित्य र कला, अनु. राजेन्द्र मास्के र सूर्यप्रसाद पौडेल, मस्को: प्रगति प्रकाशन ।

शर्मा, सुकुम, (२०६९). सहिदको सालिकमा घनश्याम ढकाल, गण्डकी सङ्गम, घनश्याम ढकाल विशेष, वर्ष १८ पूर्णाङ्क १० ।

सुवेदी धनप्रसाद, (२०७५). 'ढकालका उपन्यासमा जनयुद्ध', घनश्याम ढकाल